एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

## धितो लिलामीका शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रमा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा आफूले लिन चाहेको सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । कुनै ग्राहकको लिलाम विक्री गर्न लागिएको सम्पत्ति सबै नलिई केही मात्र लिन चाहने बोलपत्रदाताले सोही सूचनाको आधारमा आफूले लिन चाहेको सम्पत्तिको मात्र स्पष्ट विवरण उल्लेख गरी सोको मूल्य अंक र अक्षरमा भर्नु पर्नेछ ।

२. गोप्य शिलबन्दी बोलपत्रमा ऋणीको नाम अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर समेत ऋणीको नाम उल्लेख हुनु पर्नेछ ।

३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशत रकम यस बैंकमा जम्मा गरेको भौचरको अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गर्ने संस्था कार्यालयको नाउँमा खिचिएको ड्राफ्ट वा संस्था जमानत पत्र सक्कल प्रति पेश गर्नु पर्नेछ ।

४. लिलाम बिक्री हुने धितो सुरक्षण हेर्न चाहेमा वा लिलाम बिक्री हुने सम्पत्ति वापत ऋणीले तिर्न बुझाउन बांकी रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस बैंकमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै, सोही अवस्था तथा प्रमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र बांकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागुञ्जेलसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।

७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा नै निहित रहने छ ।

९. स्वीकृत भएको बोलपत्रदाताको नाममा सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने दस्तुर, पूंजीगत लाभकर, अन्य कर तथा फुटकर खर्च आदी स्वयं बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

१०. वोलपत्र खोलिने दिन तथा समयमा ऋणी, धितोजमानत कर्ता , जमानत कर्ता ब्यक्तिहरु लगायत सम्बन्धित सबैलाई उपस्थित हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । निजहरु अनुपस्थित रहेमा पनि लिलाम कार्य रोकिने छैन ।

११. बोलपत्र सदर/बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ ।